राष्ट्रको सञ्चार

नेपाल टेलिकम

# Telecom Newsletter

नेपाल दूरसञ्चार कं.लि., भद्रकालीप्लाजा, काठमाडौं



Monthly Publication

Volume 23, Issue 6 No. 160 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Magh 2080 (Jan/February-2024)

## कम्पनीको १६औं वार्षिक साधारण सभा सम्पन्न




नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको सोह्रौं वार्षिक साधारणसभा गत पुस २९ गते सम्पन्न भएको छ। राष्ट्रिय सभा गृह, प्रदर्शनी मार्ग, काठमाडौंमा सम्पन्न भएको साधारणसभाले आर्थिक वर्ष २०७९।८० को मुनाफा रकम मध्येबाट प्रतिशेयर ४० रुपैयाँका दरले शेयरधनीहरुलाई नगद लाभांश वितरण गर्ने प्रस्ताव सर्वसम्मतले पारित गरेको छ।

साधारणसभामा करिब ९२ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीहरुसमेतको उपस्थिति रहेको थियो। उक्त सभाले आर्थिक वर्ष २०७९।८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सहित २०८० असार मसान्त सम्मको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा अन्य अनुसूचीहरु उपर छलफल गरी सर्वसम्मतले पारित गरेको छ।

यसैगरी साधारणसभाले महालेखा परीक्षकको कार्यालयको परामर्श तथा कम्पनीको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०८०/८१ को लागि कम्पनीको लेखा परीक्षण गर्न चार्टर्ड एकाउन्टेन्टद्वय नरेन्द्र भट्टराई र महेश कुमार गुरागाईलाई लेखापरीक्षक नियुक्त गर्नुका साथै पारिश्रमिक समेत तोकेको छ।

त्यसैगरी सञ्चालक समितिमा सर्वसाधारण सेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने एक जना सञ्चालकको रुपमा मनिषजङ्ग जोशी निर्विरोध निर्वाचित हुनुभएको छ।

सो अवसरमा कम्पनी सञ्चालक समितिका अध्यक्ष एवं सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव रामकृष्ण सुवेदीले साधारणसभामा उपस्थित शेयरधनीहरुलाई स्वागत गर्दै कम्पनीको सोह्रौं वार्षिक प्रतिवेदन पेश गर्नुभएको थियो। प्रतिवेदन प्रस्तुत गर्दै उहाँले यस क्षेत्रमा रहेको तीव्र प्रतिस्पर्धाको वातावरणमा मुनाफाभन्दा सेवा बिस्तारलाई उच्च प्राथमिकतामा राखी भौगोलिकरूपले अति विकट तथा दुर्गम क्षेत्रमा सेवा विस्तार तथा वितरण गर्दै डिजिटल नेपाल बनाउने नेपाल सरकारको अवधारणाको कार्यान्वयनमा सहयोग गर्ने, विद्युतीय सुशासनको क्षेत्रमा थप सहयोगी भूमिका निर्वाह गर्ने तथा अप्टिकल फाइबरको माध्यमबाट सूचना महामार्ग निर्माण गरी सेवाको विस्तार तथा गुणस्तर अभिवृद्धिका लागि कम्पनीले आफ्ना कार्यक्रमहरू परिलक्षित गरिरहको बताउनु भयो।

समीक्षा अवधिमा कम्पनीको भ्वाइस सेवा तर्फको बजार हिस्सा ७.८२ प्रतिशतले वृद्धि भई ६१.५१ प्रतिशत पुगेको उल्लेख गर्दै अध्यक्ष सुवेदीले भन्नुभयो, 'आन्तरिक तथा बाह्य वातावरणमा देखिएका विविध प्रतिकूलताकाबीच कम्पनीले कुल रु ४४.४२ अर्ब आम्दानी गरी रु ७.९२ अर्ब मुनाफा आर्जन गर्न सफल भएको छ। समीक्षा अवधिमा कम्पनीले कर तथा शुल्क बापत कुल आयको ६४.०७ प्रतिशतले हुन आउने रु २८.४६ अर्ब राजस्वको रूपमा बुझाइ राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याएको छ।'

सूचना प्रविधिलाई थप गुणस्तरीय तथा प्रभावकारी बनाउन कम्पनीले फोरजी एलटीई प्रविधिमा आधारित भोल्टी (VoLTE - Voice over LTE) सेवा तथा एफटीटीएच सेवा बिस्तार, आवश्यक पूर्वाधार निर्माण र स्तरोन्नति तथा वितरणलाई निरन्तरता दिँदै परियोजना सफलतापूर्वक सम्पन्न हुने दिशामा अगाडि बढेको उहाँले बताउनु भयो। यी सबैको परिणामस्वरुप समीक्षा अवधिको अन्त्यसम्ममा देशका ७७ वटै जिल्लाका अधिकांश स्थानीय निकायहरुमा अत्याधनिुक दूरसञ्चार सेवाको पहुँच बिस्तार भएको उहाँले बताउनु भयो। अति विकट र दुर्गममा रहेका बाँकी स्थानीय तहहरूमा उपयुक्त प्रविधिको उपयोग गरी सेवा बिस्तार गर्ने कार्यलाई निरन्तरता दिइएको, देशैभर High Bandwidth Connectivity बिस्तार गर्ने र Content मा आधारित Value Added Services को विस्तार गर्ने नीतिलाई निरन्तरता दिइएको

*(बाँकी २ पेजमा)*

## डिजिटल मार्केटिङका लागि सम्झौता

नेपाल टेलिकमको बजार व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन नेपाल टेलिकम र एनआईटीभी नेपाल लिमिटेडबिच सम्झौता सम्पन्न भएको छ।

नेपाल टेलिकमका सेवालाई सेवाग्राही समक्ष प्रभावकारी रुपमा पुऱ्याउन आवश्यक डिजिटल मार्केटिङ कार्यमा सघाउ पुऱ्याउनका लागि एनआईटीभी नेपालले आवश्यक भूमिका निर्वाह गर्नेछ। दुवै पक्षबिच कम्पनीसँग सम्बन्धित विभिन्न प्रकारका समाजिक सञ्जाल र अन्य अनलाइन माध्यमको प्रयोग गरी सेवाग्राही समक्ष अन्तरक्रिया गर्ने र गुणस्तरीय सेवा उपलब्ध गराउने कार्यमा सहकार्य हुनेछ।

गत पुस १९ गते यस सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर भएको छ। सम्झौता पत्रमा नेपाल टेलिकमको तर्फबाट प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल) र एनआईटीभी नेपालको तर्फबाट कार्यकारी निर्देशक राजेन्द्र प्रसाद पौडेलले हस्ताक्षर गर्नुभएको छ।

आगामी दिनमा कम्पनीका विभिन्न प्रकारका सेवा वारेमा अझ धेरै सेवाग्राहीसमक्ष जानकारी प्रदान गर्न र थप गुणस्तरीय सेवा पुऱ्याउने कार्यमा



डिजिटल मार्केटिङको नयाँ टिमले महत्वपूर्ण नतिजा हासिल गर्न सक्षम हुने अपेक्षा गरिएको छ।

यसबाट सामाजिक सञ्जाल तथा अन्य डिजिटल प्लेटफर्ममार्फत सेवाग्राहीसँग अन्तरक्रिया गर्ने कम्पनीको उद्देश्य प्राप्तिमा समेत मद्दत पुग्ने छ।

(१ पेजको बाँकी)

# कम्पनीको १६औं वार्षिक ...

तथा यस क्षेत्रमा भइरहका नवप्रवर्तन र विकासमा आधारित प्रविधि र सेवा बिस्तार गर्न अध्ययन अनुसन्धानलाई प्रोत्साहित गर्न आवश्यक व्यवस्था गरिएको उहाँले बताउनु भयो । ग्रामीण दूरसञ्चार विकास कोष (RTDF) बाट प्राप्त सहयोगको अधिकतम प्रतिफल प्राप्त हुनेगरी सूचना महामार्ग निर्माण गर्ने कार्यले गति लिएको समेत उहाँले बताउनु भयो ।

कम्पनी सञ्चालक समितिका अध्यक्ष सुवेदीले अगाडि भन्नुभयो, 'देशभर फोरजी/एलटीई तथा एफटीटीएच सेवा बिस्तारका लागि व्याकबोन नेटवर्कको स्तरोन्नति गरिएको छ । प्राविधिक तथा भौगोलिक दृष्टिकोणबाट सम्भव भएका स्थानहरूमा भूमिगत तथा एडीएसएस (ADSS) अप्टिकल फाइबरको माध्यमबाट सूचना महामार्ग निर्माण कार्यलाई तीव्रता दिइएको छ । अप्टिकल फाइबर नेटवर्क बिस्तार गर्न नसकिने स्थानहरूमा माइक्रोवेभ रेडियो लिंक तथा स्याटेलाइट लिंकमार्फत सेवा उपलब्ध गराइने र विद्युत आपूर्ति उपलब्ध नभएका स्थानमा सोलार पावर प्रणाली जडानमा विशेष जोड दिइएको छ ।'




परम्परागत प्रविधिमा आधारित टेलिफोन सेवालाई आधुनिक एफटीटीएच प्रविधिबाट प्रतिस्थापन गर्ने कार्यमा प्राथमिकता केन्द्रित गरिएको र देशैभर यसका लागि आवश्यक कार्य भइरहेको बताउँदै उहाँले भन्नुभयो, 'टुजीप्रविधिको प्रयोग गर्ने ग्राहकहरूको संख्या उल्लेख्य रहकोले यसको स्तरोन्नति र फोरजी सेवाको बिस्तार गरी दुर्गम र विकट क्षेत्रमा पुऱ्याउने कार्यलाई निरन्तरता दिइएको छ । जीएसएम मोबाइल सेवाको सञ्चालन अनमुति पत्रको अवधि २०८१ मा पूरा हुने भएकोले कानुनमा व्यवस्था भए अनसार दोस्रो अनुमति पत्रको लागि आवश्यक प्रक्रिया अगाडि बढाइ सकिएको छ । फाइभजीप्रविधिको परीक्षणको लागि आवश्यक पूर्वाधारसहित तयारी अवस्थामा रहको छ र नियामक निकायबाट परीक्षणको स्वीकृति प्राप्त भए पश्चात् परीक्षण गरिनेछ ।'

दूरसञ्चारको प्रतिस्पर्धात्मक बजार अनुरुप समय सापेक्ष कम्पनीको पुन:सरचना गर्नेतर्फ विशेष ध्यान दिइने र कम्पनीमा उपलब्ध जनशक्तिको उच्चतम उपयोग गर्ने नीतिलाई प्राथमिकता दिइएको बताउदै उहाँले विश्वभर नै भ्वाइस सेवाको माग तथा प्राप्त हुने राजस्वमा गिरावटको साथै ओटीटी (OTT) जस्ता सेवाले परम्परागत सेवालाई थप चुनौती दिएकोले प्रविधिमा आएको परिवर्तन कम्पनीबाट प्रवाह हुने सेवामा पनि तादात्म्यता मिलाउन प्रयासरत रहेको बताउनु भयो । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग सम्बन्ध स्थापित गरी कम्पनीको हित अनकुल हुनेगरी साझेदार संस्थाहरुसँगको सहकार्यसमेतमा विभिन्न सेवा विस्तार गर्नेतर्फ कम्पनीका गतिविधि निर्देशित गरिने र यस कार्यमा कम्पनीमा कार्यरत कर्मचारी, नियामक निकाय तथा शेयरधनी महानुभावहरुबाट सदाझैं पूर्ण सहयोग प्राप्त हुनेछ भन्ने अपेक्षा गरिएको बताउनु भयो ।

कम्पनीका अध्यक्षले साधारणसभामा शेयरधनी महानुभावहरुले उठाउनु भएका विभिन्न सुझावहरुको कार्यान्वयन गरिने प्रतिबद्धता व्यक्त गर्दै सुझाव दिने शेयरधनीहरुप्रति आभार व्यक्त गर्नुभयो ।

# ट्र्यास कलेक्सन रेसमा नेपाल टेलिकमको साथ

मैनादेवी फाउन्डेसनले आयोजना गरेको 'काठमाडौं ट्र्यास कलेक्सन रेस'लाई नेपाल टेलिकमले साथ दिएको छ । गत पुस २७ गते सम्पन्न सो फोहोर टिप्ने प्रतियोगिताको मुख्य प्रायोजक नेपाल टेलिकम रहेको थियो ।

विभिन्न कलेज र अन्य संस्थाका करिव तीन हजार युवाहरुको सहभागितामा सम्पन्न सो प्रतियोगिता काठमाडौंको नक्साल, नारायणचौरबाट सुरु भएर नारायणहिटी दरबारको प्रमुखद्वार, केशरमहल चोक, लैनचौर, एम्बेस्डर होटल हुँदै पुन: नारायणचौरमा पुगेर सकिएको थियो । प्रतियोगितामा २ सय नेपाल प्रहरीबाट सहभागी भएका थिए भने बाँकी नाम टिपाएर आएका सहभागी थिए ।

फोहोर खोज्दै, बोक्दै ७५ मिनेटमा ४ किलोमिटरमा दौडनुपर्ने र जसले धेरै फोहोर जम्मा गऱ्यो, उही विजेता हुने नियम रहेको थियो ।

फोहोर टिप्ने प्रतियोगिताको विजेता विक्रम खड्का र अभिषेक खड्काको जोडी भएका थिए । उनीहरुले ५० हजार रुपैयाँ प्राप्त गरे । यस्तै पारस महतो र पप्पु कुमार महतोले दोस्रो स्थान हासिल गरेका थिए । उनीहरुले २५ हजार रुपैयाँ प्राप्त गरे भने तेस्रो हुने लक्ष्मी दनाई र वर्षा भण्डारीको जोडीले १५ हजार रुपैयाँ प्राप्त गरे ।

प्रहरी महानिरिक्षक बसन्त कुँवरको प्रमुख आतिथ्यतामा सम्पन्न भएको उक्त कार्यक्रममा काठमाडौं महानगरपालिकाकी उपप्रमुख सुनिता डंगोल सहितको उपस्थिति रहेको थियो ।








कार्यक्रममा नेपाल टेलिकमको तर्फबाट प्रमुख व्यावसायिक अधिकृतको कार्यालयका प्रबन्धक हरि ढकाल, दूरसञ्चार कार्यालय नक्सालका कार्यालय प्रमुख उपप्रबन्धक सन्तोष भण्डारी र अन्य कर्मचारीहरुको सहभागिता रहेको थियो ।

नेपाल टेलिकमले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत वातावरण संरक्षणका लागि विभिन्न कार्य गर्दै आएकोमा यस प्रकारको प्रतियोगिताका लागि समेत आवश्यक सहयोग गरेको हो ।

# विन्टर अफर

नेपाल टेलिकमले समय समयमा विभिन्न प्रकारका अफरहरु उपलब्ध गराउँदै आएको छ । यसै क्रममा गत पुस २७ देखि लागु हुने गरी विन्टर अफर २०८० (Winter Offer 2080) अन्तर्गत विभिन्न आकर्षक प्याकहरु उपलब्ध गराइएको छ ।

यस अघि उपलब्ध भइरहेको फोरजी डाटा अफरलाई अझै आकर्षक बनाइएको छ । यस अनुसार १ दिनको समयावधिका लागि रु. १९ मा ४०० एमबी र रु. ३३ मा १२०० एमबी डाटा उपलब्ध हुनेछ । त्यसैगरी ७ दिनको समयावधिका लागि लागि रु. १०९ मा ५ जीबी र २८ दिनको समयावधिका लागि रु. २९८ मा ७ जीबी डाटा उपलब्ध हुनेछ ।

स्टे कनेक्टेड प्याक अन्तर्गत ५ दिनको समयावधिका लागि रु. १०९ मा ६ जीबी डाटा तथा रु. १३९ मा ६ जीबी डाटा र १७० मिनेट अन-नेट भ्वाइस उपलब्ध हुनेछ । त्यसैगरी २ घण्टाको समयावधिका लागि रु. ३५ मा अनलिमिटेड प्याक उपलब्ध हुनेछ ।

यस अघि उपलब्ध अल टाइम भ्वाइस प्याक, अनलिमिटेड प्याक, डाटा प्याक, सोसल मिडिया प्याक, स्टे कनेक्टेड प्याक, एसएमएस प्याक, एमटुएम प्याक लगायतका विभिन्न आकर्षक प्याकहरु समेत उपलब्ध हुनेछ । त्यसैगरी नेपाल टेलिकम एप डाउनलोड गर्दा उपलब्ध हुने १ जीबी डाटा प्याक पनि निरन्तर रुपमा उपलब्ध हुनेछ ।

विन्टर अफर अन्तर्गतका विभिन्न प्याक प्राप्त गर्नका लागि ग्राहकले 1415*1# डायल गर्नुपर्ने छ । कम्पनीको 'नेपाल टेलिकम' एपबाट पनि यस सम्बन्धी जानकारी लिन तथा सेवा खरिद गर्न सकिन्छ । त्यसैगरी कम्पनीको वेबसाइट www.ntc.net.np मार्फत यस अफर सम्बन्धी विस्तृत जानकारी प्राप्त गर्न सकिन्छ ।

# एनटी फाइबरमार्फत गुणस्तरीय वाईफाई चलाउन

घरमा वा कार्यालयमा नेपाल टेलिकमको एनटी फाइबर प्रयोग गरिरहनु भएको छ र राम्रोसँग वाईफाई चलेको छैन भने यसमा विभिन्न कारण हुन सक्छन् । गुनासोका लागि नेपाल टेलिकममा सम्पर्क राख्नु भन्दा पहिले आफैले पनि त्यहाँ गर्न सकिने केही सुधारको बारेमा जानकारी राख्नु फाइदाजनक हुन सक्छ ।

विशेष गरी एनटी फाइबरका लागि प्रयोग गरिने राउटर अर्थात सीपीई (CPE- Customer Premises Equipment) को अवस्थिति र यसका अन्य विभिन्न पक्ष तथा एनटी फाइबरका लागि आवश्यक अन्य प्राविधिक पक्षका बारेमा जानकारी लिएर त्यसै अनुसार कार्य गर्न सकिन्छ ।

## राउटरको अवस्थिति

सबैभन्दा मुख्य असर सीपीईको अवस्थितिले पुऱ्याइरहेको हुन्छ । सीपीईलाई उपयुक्त स्थान अर्थात सामान्यतः घरको मध्य भागमा राख्नु उपयुक्त हुन्छ । गलत स्थानमा राखिएको कारण पनि इन्टरनेटको कनेक्टिभिटीमा समस्या आउन सक्छ ।

त्यसैगरी यसलाई घरको वाल, सिसा, ऐना अथवा यस्तै कुनै इलेक्ट्रोनिक वा मेटालिक जस्ता कुनै अवरोधजन्य वस्तुको नजिक राख्नु हुँदैन । सीपीईलाई कहिल्यै पनि भुँईमा त्यत्तिकै राख्नु हुँदैन । यसको सट्टा सीपीईलाई डेस्क, साइड टेबुल वा कन्सोल टेबुल जस्ता अलिकति अग्लो पोजिसनमा भएका वस्तुमा राख्नु राम्रो हुन्छ । यसरी राख्दा सीपीईमा भएको एन्टेना पनि माथितिर भर्टिकल पोजिसनमा रहेको हुनुपर्छ ।






## उपयुक्त फ्रिक्वेन्सी

हाल धेरै राउटरहरुमा ब्यान्ड स्टेयरिङ फिचर हुन्छ । सो फिचरले स्वचालित रुपमा ग्राहकको डिभाइसमा राउटर नेटवर्क उपलब्ध गराउछ । यसले गर्दा नै सिंगल नेटवर्कमा धेरै डिभाइस जोड्दा पनि ग्राहकले कुनै चिन्ता लिनु पर्दैन । यद्यपि कहिलेकाहिं राउटरले गलत नेटवर्क पनि डिभाइसलाई उपलब्ध गराउन सक्छ । हाल प्रचलित २.४ गिगाहर्ज र ५ गिगाहर्ज मध्ये २.४ गिगाहर्जले राम्रो कभरेज दिने भए पनि ५ गिगाहर्जको तुलनामा स्लो हुन्छ । त्यसैले राम्रो पर्फमेन्सका लागि ५ गिगाहर्ज नेटवर्क प्रयोग गर्नु राम्रो हुन्छ । यसका लागि राउटरको एड्मिन इन्टरफेसमा हेरेर वायरलेस सेटिङमार्फत ब्यान्ड स्टेयरिङ अप्सनलाई डिजेबल वा इनेबल गर्न सकिन्छ ।

## सेकेन्डरी राउटर, रेन्ज एक्सटेन्डर वा पावर लाइन एडेप्टरको प्रयोग

एक स्थानमा राखेको राउटरले सबै स्थानमा कभरेज उपलब्ध नगराएमा अर्को स्थानमा सेकेन्डरी राउटरको रुपमा अर्को राउटर प्रयोग गर्न सकिन्छ । त्यसैगरी रेन्ज एक्सटेन्डर वा पावर लाइन एडेप्टर आदिको प्रयोग गरेर पनि राउटरमार्फत वाईफाईको गुणस्तर बढाउन सकिन्छ ।

### यी बाहेक निम्न कुरामा समेत ध्यान दिनु आवश्यक छ :

- राउटरलाई समय समयमा Restart गर्ने ।
- वाईफाईको पासवर्ड धेरै जनालाई Share नगर्ने ।
- वाईफाईको Auto connecting अफ गर्ने ।
- वाईफाईको नाम लुकाउने ।
- अनावश्यक रुपमा जोडिएका वाईफाई हटाउने ।
- गुणस्तरीय डिभाइसको प्रयोग गर्ने ।

# जुम्लाको भेरीखोलामा फोरजीसहितको टेलिफोन सेवा



जुम्लाको तातोपानी गाउँपालिका- ७ र ८ दुर्गम भेरीखोलामा फोरजीसहित टेलिफोन सेवा सञ्चालनमा आएको छ। थलालेडाँडामा टावर सञ्चालनमा आएपछि दुर्गम भेरीखोला फोरजीसहित सञ्चार सेवाको पहुँचमा आएको हो ।

वर्षौंदेखि अलपत्र थलाले टावर गत पुस २५ देखि सञ्चालनमा आएको हो । सो स्थानमा फोरजीका साथै टुजी सेवा समेत उपलब्ध हुनेछ ।

सूचना र प्रविधिको युगमा पनि भेरीखोलाका बासिन्दा टावर नहुँदा सूचना आदान-प्रदान गर्नबाटै वञ्चित भएका थिए । संघ, प्रदेशका सांसददेखि स्थानीय सरकारसँग सधैं सञ्चार सेवा विस्तारकै मागसमेत गर्दै आएका थिए ।

ढिलै भए पनि थलालेमा रहेको नेपाल टेलिकमको टावर सञ्चालन आएसँगै सम्पूर्ण भेरीखोला क्षेत्र सञ्चार सेवाको पहुँचका पुगेको तातोपानी गाउँपालिका अध्यक्ष नन्दप्रसाद चौलागाईंले बताउनु भयो । तातोपानी ७ नम्बर वडाध्यक्ष तिलक रावतले ढिलै भए पनि भेरीखोलाका नागरिकले सञ्चार सेवाको पहुँचमा पुगेको बताउनु भयो । उहाँका अनुसार भेरीखोला क्षेत्रका दर्जनौं गाउँका हजारौं नागरिक सञ्चार सेवा सुरु भएपछि उत्साहित छन् ।

# डोल्पाको काइके र जुफालमा फोरजी

डोल्पाको काइके गाउँपालिकामा गत पुस ८ देखि नेपाल टेलिकमको उच्च गुणस्तरको फोरजी सेवा सञ्चालनमा आएको छ । फोरजी सेवा सञ्चालनमा आएसँगै काइकेका सर्वसाधारणले फोन र इन्टरनेटको गुणस्तरीय सुविधा पाउने अपेक्षा गरिएको छ । त्यसैगरी पुसको पहिलो सातादेखि जुफालमा पनि फोरजी सेवा सुचारु भएको छ । यसअघि जुफालमा थ्रीजी सेवा मात्र थियो ।




नेपाल टेलिकमले चरणबद्ध रूपमा डोल्पाका विभिन्न स्थानमा फोरजी सेवा विस्तार गरिरहेको छ । डोल्पाको दुनै, त्रिपुराकोट, जगदुल्ला मुड्केचुला र काइके लगायतका स्थानमा नेपाल टेलिकमको फोरजी सेवा विस्तार भइसकेको छ र बाँकी स्थानमा पनि क्रमशः विस्तार हुनेछ ।

# विदेश जाँदै हुनुहुन्छ ? यसरी प्रयोग गर्नुस् विदेशमा पनि नेपाल टेलिकमको सिम

तपाई विदेश जाँदै हुनुहुन्छ ? विदेशमा पनि तपाईले अहिले प्रयोग गरिरहनु भएको नेपाल टेलिकमको प्रिपेड वा पोस्टपेड सिम चलाउन सक्नु हुन्छ। सबै देशमा यो सेवा उपलब्ध नभए पनि नेपालीहरु जाने अधिकांश देशमा नेपाल टेलिकमको सिम चलाउन सकिने सेवा उपलब्ध छ।

यसरी विदेशमा नेपालको सिम चलाउन सकिने सेवालाई 'रोमिङ सेवा' भनिन्छ। नेपाल टेलिकमकै सिम अन्य देशको टेलिकम अपरेटरको नेटवर्कमा चलाउन सकिने सेवा नै रोमिङ सेवा हो। नेपाल टेलिकमले हाल यस प्रकार रोमिङ सेवा चलाउँदा लाग्ने महसुल दर पनि पहिले भन्दा निकै नै कम गराएको छ। एसएमएस हेर्नका लागि भने कुनै शुल्क नै लाग्दैन। त्यसैले केही समयका लागि विदेश जाने वा विदेशमा बसेर पनि नेपालकै सिममार्फत बैंक खाता चलाउनेहरुका लागि हाल नेपाल टेलिकमको सिम निकै नै उपयोगी भएको छ। यसका लागि अन्य देशको कुनै मोबाइल अपरेटरको सिम चलाउनु पर्ने झन्झटको समेत अन्त्य भएको छ।

तर रोमिङ सेवा लिनका लागि विदेश जानु भन्दा पहिले नेपालमै रहेको समयमा यस सम्बन्धी केही जानकारी लिएर आवश्यक कार्य गर्दा यो सेवा प्रयोग गर्न सहज हुन्छ।

- सबैभन्दा पहिले आफू जुन देशमा जान लागेको हो, त्यो देशमा रोमिङ सेवा उपलब्ध भए वा नभएको यकिन गर्नुपर्छ। यो लिंक https://www.ntc.net.np/tariff/international-roaming-tariff-gsm-prepaid मा प्रिपेड रोमिङ उपलब्ध भएका देशहरु र महसुल दर हेर्न सकिन्छ। यदि तपाई यहाँ उपलब्ध सूची अनुसारका देशहरुमा जाँदै हुनुहुन्छ भने सहज रुपमा प्रिपेड मोबाइलमा रोमिङ सेवा उपयोग गर्न सक्नुहुन्छ।
- यसैगरी यदि तपाईसँग पोस्टपेड मोबाइल छ भने पोस्टपेड मोबाइलमा स्ट्यान्डर्ड रोमिङ सेवा उपलब्ध भएका देशहरुको सूची यो लिंक https://www.ntc.net.np/tariff/standard-tariff-postpaid-roaming मा हेर्न सक्नुहुन्छ भने डिस्काउन्टेन्ट रोमिङ सेवा उपलब्ध भएका देशहरुको सूची यो लिंक https://www.ntc.net.np/tariff/discounted-tariff-postpaid-roaming मा हेर्न सक्नुहुन्छ। डिस्काउन्टेड रोमिङ सेवाको महसुल दर स्ट्यान्डर्ड भन्दा निकै नै कम छ। त्यसैले तपाईले यही सेवा उपयोग गर्नु लाभदायक हुन्छ। रोमिङ सेवा र यसको वारेमा विस्तृत जानकारी https://ntc.net.np/post/international-roaming-1 मा हेर्न सकिन्छ।
- हाल नेपाल टेलिकमको सिम लिएर भारत गएको समयमा भारतकै कुनै नम्बरमा कल गर्दा प्रति मिनेट रु. ७ मात्र शुल्क लाग्छ। त्यसैगरी नेपाल वा अन्य देशको जुनसुकै नम्बरबाट आएको कल उठाउँदा पनि प्रति मिनेट रु. ७ लाग्छ भने एसएमएस गर्दा प्रति एसएमएस रु. ७ नै लाग्छ। त्यसैगरी थाइल्यान्डमा नेपाल टेलिकमको प्रिपेड तथा पोस्टपेड मोबाइलबाट कुनै थाइल्यान्डमै भएको नम्बरमा कल गर्दा र नेपालमा भएको नम्बरमा कल गर्दा प्रति मिनेट रु. ५० मात्र लाग्छ। त्यसैगरी आएको कल उठाउँदा प्रति मिनेट रु. २५ र एसएमएस गर्दा प्रति एसएमएस रु. १० लाग्छ। त्यसैगरी डाटा चलाउँदा प्रति १०० केवी ०.४९ पैसा मात्र लाग्छ। यस अनुसार प्रति एमबी करिव रु. ५ मात्र लाग्छ।
- तपाई नेपालमै भएको समयमा रोमिङ सेवा सक्रिय (Active) गराउँदा राम्रो हुन्छ। आफ्नो मोबाइलबाट *१४१५*७# डायल गरेर दिएको निर्देशन अनुसार रोमिङ सेवा एक्टिभ गर्न सकिन्छ। आफैले सो सेवा एक्टिभ गर्न अप्ठ्यारो लागेमा नजिकैको नेपाल टेलिकमको कार्यालयमा गई सेवा एक्टिभ गर्न सकिन्छ।
- यदि तपाई नेपालमा भएको समयमा रोमिङ सेवा एक्टिभ नगरी विदेश जानुभयो भने त्यहीबाट पनि यो सेवा एक्टिभ गर्न सकिन्छ। आफूसँग भएको सिममा रोमिङ सेवा एक्टिभ गर्नका लागि फारम भरेर इमेलमार्फत आवेदन दिनुपर्छ। यसका लागि सबैभन्दा पहिले नेपाल टेलिकमको वेबसाइटमा रहेको डाउनलोड अप्सन अन्तर्गत रहेका विभिन्न फारम मध्ये रोमिङ एक्टिभसँग सम्बन्धित फारम भर्नुपर्छ।
- रोमिङका लागि नेपाल टेलिकमको वेबसाइटमा रहेको डाउनलोड लिंक (https://www.ntc.net.np/downloads) अन्तर्गत International Roaming मा क्लिक गरी प्रिपेड वा पोस्टपेडमा क्लिक गरी फारम डाउनलोड गर्न सकिन्छ।
- रितपूर्वक फारम भरिसके पछि आफ्नो नागरिकता वा पासपोर्टको फोटोकपि र भरिएको फारमलाई roaming.support@ntc.net.np मा इमेल गर्नुपर्छ। यसरी गरिएको इमेल प्राप्त भए पश्चात नेपाल टेलिकमले सम्बन्धित प्रिपेड मोबाइलमा रोमिङ सेवा उपलब्ध गराइदिन्छ। यति भए प्रिपेड सिममा रोमिङ सेवा एक्टिभ हुन्छ। तर पोस्टपेड सिममा भने यसरी एक्टिभ गराउनका लागि सिममा ब्यालेन्स रकम कमसेकम ५ हजार रुपैयाँ हुनु आवश्यक छ। यदि पोस्टपेडको एकाउन्ट नम्बरमा ५ हजार भन्दा कम मात्र ब्यालेन्स रकम रहेछ भने नजिकको दूरसञ्चार कार्यालयमा गएर वा आफै कुनै माध्यमबाट ५ हजार रकम पुग्ने गरी नगद रकम जम्मा गर्नुपर्छ।
- प्रिपेड सिममा जतिसुकै रकम भए पनि आवश्यकता अनुसार रोमिङ सेवा चलाउन सकिन्छ। यसका लागि रकमको कुनै सिमा छैन। तर पोस्टपेड सिममा भएको ब्यालेन्स रकम घटेर ३ हजार भन्दा कम भयो भने रोमिङ सेवा चलाउन सकिदैन। त्यसैले विदेश जाँदा आवश्यकता अनुसार धेरै रकम जम्मा गरेर जानु राम्रो हुन्छ।
- यस प्रकार रोमिङ सेवा एक्टिभ गराइसके पछि आफूले प्रयोग गर्ने मोबाइलमार्फत सम्बन्धित देशको मोबाइल सेवाप्रदायक (अपरेटर) को नेटवर्कसँग जोडिनु (Latch हुनु) पर्छ। सामान्यतः स्वचालित रुपमा नेटवर्कसँग जोडिन (Auto Latch) सक्छ। यदि Auto Latch भएन भने नेटवर्क सर्च गरेर Manual Latch गर्नुपर्छ।
- यदि तपाईसँग एन्ड्रोइड मोबाइल सेट छ भने त्यसको सेटिङमा भएको मोबाइल नेटवर्क, अनि सर्च नेटवर्क गरेर सर्च अपरेटर गर्दा सम्बन्धित देशको मोबाइल अपरेटरको नेटवर्क देखिन सक्छ। त्यही नेटवर्क सेलेक्ट गरेमा आफ्नो मोबाइलमार्फत अब रोमिङ सेवा प्रयोग गर्न सकिन्छ। यदि तपाईसँग आइफोन छ भने त्यसमा भएको सेटिङ पछि सेलुलर, नेटवर्क सेलेक्सन पछि सेलेक्ट गर्दा सम्बन्धित मोबाइल नेटवर्क देखिन्छ र रोमिङ सेवा प्रयोग गर्न सकिन्छ।

For Android Phone:

Settings -> Mobile Network ->Search Network -> Search Operator

For IOS: Settings -> Cellular -> Network Selection -> Select

\- यदि तपाई भारत जाँदै हुनुहुन्छ भने भारतमा रोमिङ डाटा प्याक समेत छ। अन्य देशमा भने रोमिङ प्याक उपलब्ध छैन। भारतमा रोमिङ डाटा प्याक भएकाले कम मूल्यमा डाटा समेत चलाउन सकिन्छ।

नेपाल टेलिकमले विदेशमा जाने वा बस्ने नेपालीहरुलाई लक्षित गरी उपलब्ध गराएका विभिन्न सुविधा मध्ये रोमिङ सेवा निकै नै उपयोगी छ। आगामी दिनमा यस प्रकारका सेवालाई अझै आकर्षक बनाउन कम्पनी प्रयासरत रहने छ।

# हुम्लाको दुर्गम गाउँ ताँजाकोटमा फोरजी सेवा सञ्चालन

वर्षौंदेखि टेलिफोन तथा इन्टरनेटको समस्या झेलिरहेका हुम्लाको ताँजाकोट गाउँपालिकाको दुर्गम गाउँमा फोरजी सेवा सञ्चालनमा आएको छ।

गत पुस १७ देखि टावर सञ्चालनमा आए पछि ताँजाकोट गाउँपालिका लगायतका बाजुरा र मुगु आसपासका सबै गाउँमा फोरजी सेवा सञ्चालन भएसँगै स्थानीय उत्साहित भएका छन्।

गाउँमै फोरजी सेवासहितको इन्टरनेट र टेलिफोन सञ्चालनमा आएपछि स्थानीयले राहत महसुस गर्नुका साथै स्थानीय तहको दैनिक कार्य सम्पादनमा समेत सहज भएको ताँजाकोट गाउँपालिका अध्यक्ष लालकेश जैसीले बताउनु भयो। उहाँका अनुसार फोरजी सेवा विस्तारले गाउँमा विद्युतीय माध्यमबाट शिक्षा, स्वास्थ्य, सामाजिक सेवा र मनोरञ्जन तथा सूचना आदान-प्रदानको कामसमेत सहज हुने भएको छ।

ताँजाकोटका पाँचवटै वडा कार्यालयमा फोरजीसहितको इन्टरनेट सेवा सञ्चालन गर्ने तयारी रहेको पनि रहेको ताँजाकोट गाउँपालिकाले जनाएको छ। ताँजाकोट- १ जिमानाको लेकमा राखिएको फोरजी टावरले छिमेकी अदानचुली गाउँपालिकाका केही क्षेत्र, छिमेकी जिल्ला मुगु र बाजुरामा समेत काम गर्नेछ।

हिमाली जिल्ला डोल्पाका दुई स्थानमा नेपाल टेलिकमको फोरजी सेवा सञ्चालनमा आएको छ। जिल्लाको काइके गाउँपालिका र ठूलीभेरी नगरपालिकाकामा फोरजी सेवा सञ्चालनमा आएको हो।

सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा
e-mail: ntc.news@ntc.net.np फोनः ४२१०३७८, मासिक रुपमा प्रकाशित हुने यो Newsletter कम्पनीको website : www.ntc.net.np मा पनि उपलब्ध छ।

**Published by: Nepal Telecom, Office of CCO, Information & Publication Section**
Co-ordinator : Hari Dhakal    Joint Co-ordinator : Parmatma Bhattarai

Editor : Santosh Khanal
Editorial Team : Eka Raj Subedi, Meghanath Dhakal